# आर्थिक वर्ष २०७६/७७ को
# नीति , कार्यक्रम तथा बजेट

ताँजाकोट गाउँपालिका

हुम्ला जिल्ला

कर्णाली प्रदेश

Scanned by CamScanner

गाउँपालिकाका अध्यक्ष ज्यू ,
गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु
उपस्थित सम्पुर्ण कर्मचारी साथीहरु,

उपस्थित गाउँपालिकाका सर्म्पूण गाउँसभाका सदस्यलाई गाउँपालिकाको तर्फबाट न्यानो अभिवादन तथा स्वागत गर्न चाहन्छु । गाउँपीलकाको गरिमामय यस सभामा आर्थिक वर्ष २०७६/२०७७ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

नेपालको संविधान जारी भई उक्त संविधानले व्यवस्था गरेबमोजिम देशमा संघीयता कार्यान्वयनमा आएको छ ।संविधानंले सुशुचित गरेका प्रावधानहरुलाई अक्षरस: पालना गर्ने क्रममा स्थानीय तहको निर्वाचन, २०७४ सम्पन्न भई आज हामी ताँजाकोट गाउँपालिकामा स्थानीय सरकारको रुपमा रही आफ्नो नीति आफै बनाउने र आफ्नो लागि आफैं शासन गर्ने लोकतन्त्रको अभ्यास स्थानीय तहमा नै गर्न पाउँदा निकै खुशी छौं । देशलाई यस स्थितिमा ल्याइ पुर्याउन आफ्नो प्राणउत्सर्ग गर्ने सम्पुर्ण महान सहीदहरु, जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा द्रेशमा गणतन्त्र तथा संघीयता स्थापना गर्न अहम् भुमिका खेल्ने राष्ट्रका महान व्यक्तित्वहरुलाई म हृदय देखि नै सम्मानत तथा आदर गर्न चाहन्छु । संघीयता र स्थानीय सरकार मार्फत गाउँगाउँमा सिंहदरबार, आफ्नो गाउँआफैं बनाउँ, जनताको सबै भन्दा नजिकको सरकार जस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि एकातिरबाट अबसर हो भने अर्को तिरबाट चुनौति पनि हो । नेपालको संविधान अनुसार अधिकार र स्रोत साधनले सम्पन्न स्थानीय तहका सकारको गठन भएको छ । उक्त स्थानीय तहका सरकारकै रुपमा रहेको र कानुनी प्रावधानअनुसार व्यवस्थापकीय, कार्यपालिकीय र न्यायिक अधिकारको प्रयोग गर्ने व्यवस्था समेत संबिधानले हाम्रो काँधमा जिम्मेवारी सुम्पेको छ । स्थानीय तहका सरकार आफैंले आफ्नो क्षेत्रभित्र लगाउने कर, शुल्क तथा राजश्वको दर समेत निर्धारण गर्ने, वर्ष भरी प्राप्त हुने राजश्वको अनुमान गर्ने, प्राप्त हुने अनुदान तथा अन्य स्रोतको प्रक्षेपण गर्ने, बजेट सीमा निर्धारण गर्ने, स्थानीय तहका गाउँगाउँ, बस्ती, टोल हुँदै वडा समिति र विषयगत समितिमा कार्यक्रम तथा योजनाहरुको बृहत छलफल पश्चात कार्यपालिकाले स्वीकृत गरी गाउँसभामा आज पेश हुन आएको ताँजाकोट गाउँपालिकाको आर्थिक वर्ष २०७६।२०७७ को वार्षिक नीति तथा कार्यक्रम र बजेट घोषणा गर्न पाउँदा म निकै हर्षित एवम् गौरवान्वित छु ।

**ताँजाकोट गाउँपालिका सरकारका मुख्य नीतिहरु**



Scanned by CamScanner

१. संघीय सरकार र प्रदेश सरकारद्वारा प्रक्षेपित आर्थिक वृद्धि हासिल गरी जनताको जीवनस्तर अभिवृद्धी गर्ने ।
२. यस गाउँपालिकामा उपलब्ध श्रोत साधनको अधिकतम परिचालन गरी सामाजिक न्याय र समानता सहितको लोकल्याणकारी समाज निर्माण गर्ने । विधुतिय श्रोत साधनको प्रयोग मार्फत भ्रष्टचार नियन्त्रण गरी सुशासन कायम गर्ने ।
३. रोजगार सिर्जना गरी वेरोजगारी समस्या समाधानगर्ने ।
४. कृषिलाई क्षेत्रलाई आयआर्जनसँग जोडी आर्थिक सम्बृद्धि हासिल गर्ने ।

उपस्थित गाउँपालिका उपाध्यक्ष (अध्यक्ष) ज्यू लगायत गाउँसभा सदस्यज्यूहरु : अवं म यस ताँजाकोट गाउँपालिकाको नीति ,कार्यक्रमतथा बजेट प्रस्तुतगर्ने अनुमति चाहन्छु

## बजेट वक्तव्य

- यस गाउँपालिकामा रहेका अपाङ्ग , दलित , जनजाती , सिमान्तकृत, गरिब जेहेन्दार तथा आर्थिक रुपले विपन्न रहेका व्यक्तिहरुलाई आवश्यक छात्रवृत्ति दिईने छ ।
- यस गाउँपालिकाका सबै वडा तथा वस्तीहरुमा सडक सञ्जाल जोडि जनतालाई सडकको पहुचमा राखिनेछ ।
- यस गाउँपालिकालाई १ बर्ष भित्र उज्यालो गाउँपालिकाका रुपमा विकसित गर्न हाल निर्माणधिन कवाडी खोला साना जलविधुत योजना र कर्पूखोला लघु जलविधुत योजनालाई आवश्यक बजेटको उचित व्यवस्था गरेको छु ।
- आगामी २ वर्ष भित्र प्रत्येक घर घरमा स्वच्छ खानेपानीको व्यवस्था गरिने छ ।
- स्थानीय स्तरका रैथाने बाली लगायतका अन्य स्थानीय जातका बालीहरुको संरक्षण तथा संबर्द्धनमा आवश्यक पहल गरिने छ तथा सो का लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- ताँजाकोट गाउँपालिकाको यस स्थानीय सरकारले आफ्नो बाँकी ३ वर्ष भित्र यस ताँजाकोट गाउँपालिकालाई शिक्षा, स्वास्थ्य , पर्यटन तथा बातावरणमैत्री गाउँपालिकामा रुपान्तरण गरिने छ ।

अध्यक्ष ज्यु लगायत गाउँसभा सदस्यज्यूहरु ,

गत वर्षको यथार्थ आम्दानी र खर्चको विवरणपेश गर्न चाहन्छु ।

Scanned by CamScanner

| आम्दानीको स्रोत | आय | व्यय | बाँकी |
|---|---|---|---|
| संघीय वित्तिय समानीकरण | ६००००००० | ५१७१२००० | ८२८८००० |
| संघीय ससर्त अनुदान | ७२९५७५०० | ७२२७०२९१। | ६८७२०९ |
| सामाजिक सुरक्षा तर्फ | २३६८०००० | २२३८०००। | १३००००० अनुमानीत |
| प्रदेश वित्तिय समानीकरण | ४८५००००। | ४८५०००० | ०० |
| प्रदेश समपुरक अनुदान | ८०००००० | ८००००००। | ०० |
| स्थानीय पूर्वाधार तथा साझेदारी कार्यक्रम | ९९००००० | ९९०००००। | ०० |
| बहुक्षेत्रीय पोषण योजना | १२३५०००। | १२३५०००। | ०० |
| प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | ३०५०००। | ३०५०००। | ०० |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | २४००००० | २४००००० | ०० |

आगामी आ.व को अनुमानित आय व्ययको विवरण पेश गर्न चाहन्छु।

यस गाउँपालिकाबाट तयार गरिएको नीति तथा कार्यक्रमहरुलाई सफल कार्यान्वयन गर्न आर्थिक वर्ष २०७६/७७ मा आन्तरिक कर तथा राजस्वबाट रु ५ लाख। रहेको छ।

**केन्द्रिय सरकारबाट प्राप्त अनुदानतर्फ**

१. वित्तिय समानिकरणतर्फ रु ६ करोड ६५ लाख

२. राजस्व बाँडफाँड तर्फ रु ३ करोड ७४ लाख

**कर्णाली प्रदेश सरकारबाट प्राप्त अनुदान तर्फ**

१. वित्तिय समानिकरणतर्फ रु ९० लाख

२. राजस्व बाँडफाँड तर्फ रु १० लाख

**केन्द्रिय सरकार सशर्त अनुदानतर्फ**

१. सशर्त अनुदान रु ७ करोड ४८ लाख

२. ग्रामिण जलस्रोत व्यवस्थापन परियोजनाबाट रु १ करोड ६१ लाख पचास हजार

३. सामाजिक सुरक्षातर्फ अनुमानित रु २ करोड ५० लाख

४. बहुक्षेत्रिय पोषण कार्यक्रम तर्फ रु १२ लाख ३५ हजार

५ स्वास्थ्यका लागि सक्षम प्रणाली ८ लाख

५ मासपुर झोलुङ्गे पुल निर्माणका रु ३० लाख गरी जम्मा आ.व २०७६ /२०७७ का लागि कूल बजेट २३ करोड ३ लाख ८५ हजार रुपैया मात्र यस सभामा पेश गर्दछु।

## यसै गरी व्यय तर्फ

चालु रकम रु रु ३ करोड ८१ लाख

सर्शत चालू खर्च : ८ करोड १७ लाख

Scanned by CamScanner

पूजिगत रकम ७ करोड ५९ लाख

यस आर्थिक वर्षका लागि विषय क्षेत्रगत बजेट देहाय बमोजिम तयार गरी निम्नानुसार विनियोजन गरिएको छ ।

## आर्थिक विकास

यस आ.ब. का लागि रु ५० लाख ससर्त र वित्तिय सामानीकरण दुबै तर्फ रकम विनियोजन गरेको छु

१) कृषि तथा फलफुल विकास कार्यक्रमका लागि रु ५० लाख बजेट विनियोजन गरेको छु यस क्षेत्रको विकास र समृद्धिका लागि मैमा, मालासैन, लामाकान हुनगाड, सिमकाना , सिरुपाटा मालासैन लगायतका अन्य तापक्रम बढी भएका क्षेत्रमा सुन्तला कागती र अनार खेतीको विकास गरि निम्न आय भएका किसानहरुको जीवनस्तरमा सुधार ल्याउन विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्था र कृषि सहकारी संस्थाहरुसँगको समन्वयमा फलफुल खेतीको विकास गरिने छ ।

२) यस गाउँपालिकाको विशेष गरि उच्च तथा चिसो हुने क्षेत्र वडा नं ५ को डुङ्ग्री, वडा नं ३ को पलहु जैरामखोपा, नाउली, वडा नं २ को ठूलाखोला वडा नं १ को बौल्याना लगायतका उच्च भागहरुमा स्याउ र दाँते ओखरका विरुवाहरु वितरण गरि सो क्षेत्रमा बसोबास गर्ने किसानहरुको जीवनस्तर सुधारमा विशेष कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छु ।

३) वर्तमान समयमा पशुपालन व्यवशाय धरासायी भै रहेका अवस्थामा सो क्षेत्रमा लागेर व्यवशायीक पशुपालन गर्न चाहने किसानका लागि उचित प्रात्साहनको व्यवस्था गरिने छ ।

४) यस गाउँपालिका भरिका किसानहरको हितको लागि कृषि ज्ञान केन्द्र हुम्ला भूमि व्यवस्था, कृीष तथा सहकारी मन्त्रलायलय कर्णाली प्रदेश सरकारसँगको सहकार्यमा टिमुर खेतीलाई समेत उचित प्राथमिकताका साथ अगाडी बढाईने छ ।

६) उद्योग र पर्यटन विकासका लागि उच्च प्राथमिकताका साथ सम्बन्धित सरोकारवाला निकायसँगको सहकार्यमा वडा नं ३ को मासपुर र नैकालामा र वडा नं ४ मा आल्लो उद्योग स्थापनाको शुरुवात गरिने भने यस भन्दा पहिले सञ्चालनमा रहेका उद्योगको हकमा सो को निरन्तरताको आधारमा अनुदान रकमको व्यवस्था गरिने छ ।

Scanned by CamScanner

७) यस क्षेत्रको पर्यटन प्रर्वद्धनका लागि कवाडी रानीसैन- सैपाल पर्यटन विकासमा आवश्यक पर्ने पूर्वाधार अन्तर्गत पर्यटन मार्गको निर्माणका लागि सोसँग सम्बन्धि सरोकारवाला निकायसँगको समन्वमा कार्य अगाडी बढाईने छ ।

## सामाजिक विकास

यस गाउँपालिकाको विकासका लागि आ.ब.२०७६/२०७७ लागि रु १ करोड ३० लाख एकमुष्ठ बजेट विनियोजन गरेको छु

जस अन्तर्गत गाउँपालिका भित्रका विद्यालयमा कार्यरत स्वयम् सेवक शिक्षक अनुदान कोटा अन्तर्गतका शिक्षकको सुबिधामा रु ७५ लाख बजेट विनियोजन गरेको छु ।

स्वास्थ्य तर्फ रु २० लाख रकम विनियोजन गरेको छु

खानेपानी तथा सरसफाई तर्फ रु ५६ लाख ५० हजार बजेट विनियोजन गरेको छु । जस अन्तर्गत पुमपानी भैसाबाझ खानेपानीका लागि रु ३० लाख, बुढावाडा खानेपानीका लागि ४ लाख , कोलीबाडा खटिकवाडा खानेपानीका लागि रु ११ लाख पचास हजार, डुङ्ग्री खोनेपानी मर्मतका लागि रु १ लाख आदि

## पूर्वाधार विकास तर्फ

यस गाउँपालिकाको पूर्वाधार विकासका लागि रु ४ करोड ५० लाख विनियोजन गरेको छु जस अर्न्तगत वडा नं १ मा निर्माणाधिन कवाडी खोला साना जलविधुत योजनाका लागि रु १ करोड ५० लाख रकम विनियोजन गरेको छु । त्यसै गरि वडा नं ४ निर्माण हुन लागेको कर्फु खोला साना जलविद्युत योजनाको साझेदारी कोष वापत रु ३० लाख विनियोजन गरेको छु ।

ग्रामीण सडक तर्फ प्याउ ढुङगा देखी कटेलगाउँ सम्म रु १० लाख रकम विनियोजन गरेको छु यसै गरि छप्रेलादेखि वडा नं १ को भैसाबाझ जोड्ने ग्रामीण सडक, छप्रेला बदेलचौर, लोटपाटा चिही ग्रामीण सडक र वडा नं ४ को गोठेलावाडा देखि सिरुपाटासम्म जोड्ने सडकमा पनि संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानबाट काम गर्ने गरि विशेष प्राथमिकता दिईने छ ।

सिंचाई तर्फ चिहीगाड खोलादेखि गल्लावाडासम्मको सिंचाई कुलो , भकारे सिंचाई कुलो, नौलाला सिंचाई कुलो , कोइराला सिंचाई कुलो निर्माणमा अन्य सरोकारवाला निकायसँगको सहकार्यमा निर्माण कार्य गर्ने प्रयास गरिने छ ।

## वन,वातावरण तथा विपत व्यवस्थापन समिति

वन, वातावरण तथा विपद् व्यवस्थापन स्थापनाका लागि रु ५ लाख विनियोजन गरेको छु



Scanned by CamScanner

यस गाउँपालिकाका ५ वटै वडाहरुमा वृक्षरोपण कार्यक्रमका लागि विशेष कार्यक्रम सञ्चालन गरी नाङगा डाँडापाखाहरुलाई हरियाली बनाई वातावरण सन्तुलित बनाउन सहयोग पुग्ने छ। साथै स्वच्छ वातारवणमा बाँच्न पाउने प्रत्येक नागरिकको नैसर्गिक अधिकारको संरक्षणलाई विशेष महत्वका साथ कार्य गरिने छ।

वन तथा भू-संरक्षण जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोर मैला व्यवस्थापन, विपद् व्यवस्थापन सम्बन्धि कामलाई उच्च महत्वका साथ काम गरिने छ।

## संस्थागत विकास तथा सेवा प्रवाह

संस्थागत विकास तथा सेवा प्रवाहमा आ.ब.२०७६/२०७७ मा रु ४ लाख ८० विनियोजन गरेको छु।

जस अन्तर्गत गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई कम्प्यूटर तालिम प्रशासन सम्बन्धि तालिम आमा समुहका दिदी बहिनीहरुलाई महिला हिंसा तथा घरेलु हिंसा सम्बन्धिका तालिम , गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुका लागि सकरात्मक सोच सम्बन्धिको तालिम सञ्चालन गरि समाजको दृष्टिकोणमा परिवर्तन गर्ने काम गरिने छ। साथै नागरिक वडापत्रको अवलम्बन गरि जनताले पाउने सेवा सुविधामा सहजिकरण गरिने छ।

## अन्य पूँजितगत कार्यक्रम

यस गाउँपालिकाको भवन निर्माण र अन्य संरचना निर्माण लागि जग्गा खरिद लगायत भवन निर्माणका लागि रु ९० लाख, सवारी साधना खरिदका लागि रु ५० लाख विनियोजन गरेको छु

आगामी आ.ब.२०७६/२०७७ आन्तरिक आयमा बुद्धि गर्न देहाय बमोजिमको राजश्व नीति अबलम्बन गरिने छ।

१. यस गाउँपालिकाका वडा न. १, ४ र मदिरा निषेधित घोषणा भई सकेका हुनाले बाँकी वडाहरुलाई र यस गाउँपालिकालाई केहि दिनभित्रै मदिरा निषेधित गाउँपालिका घोषणा गरि समाजमा भएको विकृति विसंगतीलाई निर्मुल गरिने छ। यसरी मदिरा निषेधित क्षेत्रमा कोही कसैले मादक पदार्थ सेवन गरेको थाहा भएमा वा समाजमा हो हल्ला गरेमा मदिरा बेचविखन गर्नेलाई रु ५००० र मदिरा सेवन गर्नेलाई रु ३००० जरिवाना गरिने छ।

२. मिति २०७६।०४।०१ गतेबाट लामो समयदेखि हालसम्म तिर्न बाँकी मालपोत करलाई कडाइका साथ असुली गर्ने प्रक्रियाको अवलम्बन गरिने छ।

३. उपर्युक्त नीतिबाट कुल राजश्ज र ५ लाख पचास हजार उठ्ने अनुमान गरिएको छ।

अध्यक्ष ज्यू तथा गाउँसभाका सदस्यज्यूहरु



Scanned by CamScanner

यो बजेटको अनुमान र यस गाउँपालिकाको लक्ष्य, नीति कार्यक्रम कार्यान्वयन तथा उपलब्धि हासिल गर्नका लागि हाम्रो एक्लो प्रयासले मात्र संम्भब छैन । तसर्थ यसका लागि सम्पूर्ण गाउँसभाका सदस्यहरु, राजनैतिक दल, सम्पूर्ण संघ संस्था, विभिन्न सरोकारवाला साझेदारी निकाय, बुद्धिजिवी, समाजसेवी तथा सम्पूर्ण ताँजाकोट गाउँपालिका बासी आमा बुबा दाजुभाई दिदी बहिनीहरुको सामुहिक प्रयासबाट मात्र हासिल गर्न संम्भव छ । तर्जुमा गरिएका नीति कार्यक्रम तथा योजनाहरुको प्रभावकारी कार्यान्वयन गर्न सबै वर्ग क्षेत्र र समुदायबाट प्रभावकारी कार्यान्वयन गर्न सबै तिरबाट यथोचित सहयोग प्राप्त हुने छ भन्ने पूर्ण विश्वास लिएको छु ।

प्रस्तुत नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने काममा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग पुर्याने गाउँपालिकाका अध्यक्ष्य ज्यू , सम्पूर्ण कार्यपालिका सदस्य, गाउँसभा सदस्य ज्यू लगायत विषयगत समितिका पदाधिकारी , राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि, सरकारी तथा गैर सरकारी संघ संस्थाका व्यक्तित्व र दिन रात भोक प्यास नभनि गाउँपालिकाको काममा खटिएर गाउँसभालाई सफल गर्न लाग्नु भएका सम्पूर्ण कर्मचारी साथीहरुलाई ताँजाकोट गाउँपालिकाको उपाध्यक्ष तथा बजेट प्रस्तुतकर्ता व्यक्तिको हैसियतले गाउँपालिकाको तर्फबाट हार्दिक आभार एवम् शुभेक्ष प्रकट गर्दै आगामी दिनमा पनि यहाँहरुबाट यस्तै अमूल्य सहयोग प्राप्त हुने छ भन्ने विश्वास लिएको छु ।

**हार्दिक अभिवादन सहित धन्यावाद**
**नमस्कार**

**मन्जु बुढा**
**उपाध्यक्ष**
**ताँजाकोट गाउँपालिका मैला हुम्ला**



Scanned by CamScanner

# स्थानीय तहको विनियोजन ऐन २०७६

ताँजाकोट गाउँपालिका

हुम्ला जिल्ला

कर्णाली प्रदेश

Scanned by CamScanner

# स्थानीय तहको विनियोजन ऐन २०७६

**ताँजाकोट गाउँपालिकाको आर्थिक बर्ष २०७६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः २०७६/०३/१०.

**प्रस्तावना:** ताँजाकोट गाउँपालिका आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम ताँजाकोट गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम " ताँजाकोट गाउँपालिको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष २०७६।०७७ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु..एघार करोड एक्चालिस लाख पचिस्हजार मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त ताँजाकोट गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

Scanned by CamScanner

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | सर्शत | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | | ७ |
| १ | | गाउँपालिका | ३८१०० | ७६१०० | ८२७०० | | १९६९०० |
| २ | | वडा समिति | | | | | |
| ३ | | बिषयगत शाखा | | | | | |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | | |

Scanned by CamScanner

# वार्षिक विकास कार्यक्रम स्वीकृतिको फारम

आ.व. ०७६/७७
बजेट संकेत/उपसंकेत:२६६१२
कार्यक्रम शिर्षक/आयोजनाको नाम: गाउँ सभाबाट स्विकृत सम्पूर्ण योजनाहरु
कार्यान्वयन हुने स्थान: ताजाकोट गाउपालिका

आयोजना शुरु हुने मितिः ०४/०१/२०७६
आयोजना पुरा हुने मितिः ०३/१५/२०७६
आयोजनाको कुल लागतः
चालु आ.व.मा विनियोजितः ११४१५०

**श्रोत**

आन्तरिक श्रोतः ३००
ऋणः ०
जनसहभागिताः

नेपाल सरकारः
प्रदेश सरकारः
अन्तर स्थानीय तहः

| क.सं. | कार्यक्रम/क्रियाकलाप | इकाइ | आयोजनाको कुल क्रियाकलापको परिमाण | आयोजनाको कुल क्रियाकलापको लागत | सम्पूर्ण कार्य मध्ये गत आ.व.सम्मको परिमाण | सम्पूर्ण कार्य मध्ये गत आ.व.सम्मको खर्च | आ.व.२०.../... को लक्ष्य: वार्षिक परिमाण | वार्षिक बजेट | प्रथम चौमासिक परिमाण | प्रथम चौमासिक बजेट | दोस्रो चौमासिक परिमाण | दोस्रो चौमासिक बजेट | तेस्रो चौमासिक परिमाण | तेस्रो चौमासिक बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| १ | २ | ३ | | | | | | | | | | | | |
| | पुँजीगत खर्च अन्तर्गतका कार्यक्रम/क्रियाकलापहरु: | | | | | | | | | | | | | |
| १ | जलविधुत तर्फ | | | | | | | | | | | | | |
| १ | कवाडि खोला लघू जलविधूत आयोजना | गोटा | १ | १५००० | | | १ | १५००० | | | | | | |
| २ | समपुरक कोष तर्फ | गोटा | १ | | | | १ | ० | | | | | | |
| १ | ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना साझेदारी | गोटा | १ | ३००० | | | १ | ३००० | | | | | | |
| ३ | शिक्षा तर्फ | गोटा | १ | | | | १ | ० | | | | | | |
| १ | चन्द्र प्रकाश मा.वि भवन निर्माण | गोटा | १ | २००० | | | १ | २००० | | | | | | |
| २ | मदना देव मा.वि घेरवार | गोटा | १ | १५०० | | | १ | १५०० | | | | | | |
| ३ | सट्टा शिक्षक तलब भत्ता | | | ५०० | | | १ | ५०० | | | | | | |
| ४ | शिक्षक क्षामता विकास कार्यक्रम | गोटा | १ | ५०० | | | १ | ५०० | | | | | | |
| ५ | उत्कृष्ठ विध्यार्थि छात्रवृति कोष | गोटा | १ | ५०० | | | १ | ५०० | | | | | | |
| ६ | एस.ई.ई छात्रवृति | गोटा | १ | १२० | | | १ | १२० | | | | | | |
| ४ | स्वास्थ्य तर्फ | गोटा | १ | | | | १ | ० | | | | | | |
| १ | स्वास्थ सम्बन्धि विविध खर्च | गोटा | १ | २००० | | | १ | २००० | | | | | | |
| ६ | कृषि तर्फ | गोटा | १ | | | | १ | ० | | | | | | |
| १ | फलफूल विकास कार्यक्रम | गोटा | १ | ५००० | | | १ | ५००० | | | | | | |
| २ | पि.एम.टि कृषि विकास कार्यक्रम | गोटा | १ | ५०० | | | १ | ५०० | | | | | | |
| ७ | ग्रामिण सडक तर्फ | गोटा | १ | | | | १ | ० | | | | | | |
| १ | प्याउढूडगा कटेलगाँउ ग्रामिण सडक निर्माण | गोटा | १ | १००० | | | १ | १००० | | | | | | |
| ८ | खानेपानि तर्फ | गोटा | १ | | | | १ | ० | | | | | | |
| १ | पुम्पानि भैसाबाझ खानेपानि | गोटा | १ | ३००० | | | १ | ३००० | | | | | | |
| २ | छडाचौर कोलिवाडा खटिकवाडा खा.पा योजना | गोटा | १ | ११५० | | | १ | ११५० | | | | | | |
| ३ | सियाला खानेपानि योजना | गोटा | १ | २५० | | | १ | २५० | | | | | | |
| ४ | बुढावाडा खानेपानी | गोटा | १ | ४०० | | | १ | ४०० | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | दुइवि खानेपानी मर्मत | गोटा | १ | १०० | | | १ | १०० |
| ६ | गोठि खानेपानी योजना | गोटा | १ | २०० | | | १ | २०० |
| ९ | वन तथा वातावरण तर्फ | गोटा | १ | | | | १ | ० |
| १ | सिमेही इन विकास | गोटा | १ | ५०० | | | १ | ५०० |
| १० | सिचाइ तर्फ | गोटा | १ | | | | १ | ० |
| १ | तिउ पहिरा सिचाई | गोटा | १ | ७०० | | | १ | ७०० |
| २ | काटे बगर औल सिचाई कूलो | गोटा | १ | २००० | | | १ | २००० |
| ३ | काइलेकाडि सिचाई | गोटा | १ | २०० | | | १ | २०० |
| ११ | विविध तर्फ | गोटा | १ | | | | १ | ० |
| १ | गाउपालिका जग्गा खरीद तथा भवन निर्माण | गोटा | १ | ९००० | | | १ | ९००० |
| २ | वडा नं. २ भवन निर्माण | गोटा | १ | २५०० | | | १ | २५०० |
| ३ | वडा नं. ३ भवन निर्माण | गोटा | १ | २५०० | | | १ | २५०० |
| ४ | सहित स्मृति भवन निर्माण | गोटा | १ | १५०० | | | १ | १५०० |
| ५ | गाउपालिकाका लागि गाडि खरीद | गोटा | १ | ५००० | | | १ | ५००० |
| ६ | दलित आवास कार्यक्रम | गोटा | १ | १५०० | | | १ | १५०० |
| ७ | ५ न वडा कार्यलय मर्मत | गोटा | १ | ५०० | | | १ | ५०० |
| ८ | बारभाण्डौ मन्दिर निर्माण | गोटा | १ | ४०० | | | १ | ४०० |
| ९ | कूटानी पिसानि मिल वडा न १,२,३,र ५ | गोटा | १ | २८०० | | | १ | २८०० |
| १० | गाउपालिका वृत्तचित्र निर्माण | गोटा | १ | १००० | | | १ | १००० |
| ११ | गाउपालिका न्यायिक समिती | गोटा | १ | १००० | | | १ | १००० |
| १२ | अध्यक्ष कप विविध कार्यक्रम | गोटा | १ | ५०० | | | १ | ५०० |
| १३ | जनता संग अध्यक्ष कार्यक्रम | गोटा | १ | ३०० | | | १ | ३०० |
| १४ | उपाध्यक्ष संग दिदिवहिनी कार्यक्रम | गोटा | १ | ४०० | | | १ | ४०० |
| १५ | टुहुरा नानीबाबुका लागि उपाध्यक्षको साथ | गोटा | १ | २०० | | | १ | २०० |
| १६ | गाउपालिका विपद व्यवस्थपन कोष स्थापना | गोटा | १ | ५०० | | | १ | ५०० |
| १७ | विविध तथा भैपरी आउने खर्च | गोटा | १ | २००० | | | १ | २००० |
| १८ | कर्मचारीका लागि क्षामता विकास कार्यक्रम | गोटा | १ | ४८० | | | १ | ४८० |
| १९ | कटेलचौर माई मन्दिर निर्माण | गोटा | १ | १००० | | | १ | १००० |
| २० | देउडा सास्कृतिक कार्यक्रम | गोटा | १ | ४०० | | | १ | ४०० |
| २१ | हेमराज ब्याउ फर्म घेरवार | गोटा | १ | ३०० | | | १ | ३०० |
| २२ | मल्लाखाडा बाख्रा तथा मौरीपालन फर्म | गोटा | १ | २०० | | | १ | २०० |
| २३ | नविन्द्र वर्ष विविध कार्यक्रम | गोटा | १ | १५०० | | | १ | १५०० |
| २४ | वडा नं. ४ कूटानि मिल मर्मत | गोटा | १ | २०० | | | १ | २०० |
| २५ | बोगल ब्याउ तथा दाते ओखर घेरवार | गोटा | १ | २५० | | | १ | २५० |
| | पुँजीगत जम्मा रु. (क) | | | ७६०५० | | | | ७६०५० |

| तीँजाकोट गाउँपालिकाको आ व ०७५।०७६ को चालु खर्च बिनियोजन | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| चाल खर्च अन्तर्गतका कार्यक्रम/क्रियाकलापहरुः | | | | | | | | | | | | |
| १ | कार्यालय संचालन | | | ३०००.००० | | | | ३०००.००० | | | | |
| २ | घर भाडा | | | २००.००० | | | | २००.००० | | | | |
| ३ | अन्य भत्ता | | | १०००.००० | | | | १०००.००० | | | | |
| ४ | पानी बिजुली | | | १००.००० | | | | १००.००० | | | | |
| ५ | संचार खर्च | | | ५००.००० | | | | ५००.००० | | | | |
| ६ | भ्रमण तथा भ्रमण खर्च | | | १५००.००० | | | | १५००.००० | | | | |
| ७ | विविध खर्च | | | १०००.००० | | | | १०००.००० | | | | |
| ८ | सेवा तथा परामर्श खरीद | ० | | २५०.००० | | | | २५०.००० | | | | |
| ९ | कर्मचारीको तभ | | | १४१००.००० | | | | १४१००.००० | | | | |
| १० | जनप्रतिनिधि पारिश्रमिक | | | ४०००.००० | | | | ४०००.००० | | | | |
| ११ | गाउँपालिका शिक्षक तलब | | | ७५००.००० | | | | ७५००.००० | | | | |
| १२ | वडा कार्यलय चालू खर्च | | | ४९५०.००० | | | | ४९५०.००० | | | | |
| | चालु जम्मा रु. (ख) | | | ३८१००.००० | | | | ३८१००.००० | | | | |
| | कुल खर्च जम्मा रु. (क+ख) | | | ११४१५०.००० | | | | ११४१५०.००० | | | | |

पेश गर्ने निकाय:
नाम:
पद:
मिति:

सिफारिस गर्ने:
नाम:
पद:
मिति:

स्वीकृत गर्ने:
नाम:
पद:
मिति:

Scanned by CamScanner